## भुटानी शरणार्थीहरूलाई सहायता

नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आईसीआरसीले नेपालमा बसोबास गर्दै आएका भुटानी शरणार्थीहरूका लागि अनुकूल वातावरण तथा भुटानका जेलमा रहेका उनीहरूका आफन्तहरूसँग सम्पर्क र भेटघाट गर्न सहयोग पुऱ्याउँदै आएको छ ।

## शारीरिक पुनःस्थापनामा सहायता

आईसीआरसीले द्वन्द्व प्रभावित, भूकम्प पीडित तथा राजनीतिक आन्दोलनका घाईते वा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई गुणस्तरीय शारीरिक पुनःस्थापना कार्यमा सहायता गर्दछ । शारीरिक पुनःस्थापना सेवा अन्तर्गत अनुकूलित सहारा दिने उपकरणहरूका लागि पोखरामा हरियो खर्क अस्पताल र काठमाडौंमा एराहिटी पुनःस्थापना केन्द्रसँग सहकार्य गरेको छ ।

आईसीआरसीले एराहिटी पुनःस्थापना केन्द्रका प्रोस्थेटिस्ट, ओर्थोटिस्ट र फिजियोथेरापिस्टलाई तालिम तथा पोस्ट ग्रेजुयट कोचिंग सत्र समेत प्रदान गर्दछ । साथै अपाङ्गता भएका व्यक्तिहरूका लागि सहभागितामूलक गातिविधिहरू जस्तै हवील्चेयर बास्केटबल तथा कला प्रतियोगिताहरूको आयोजना गर्दछ ।

## अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रवर्द्धन

आईसीआरसीले अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानवीय सिद्धान्तहरूको ज्ञान र सम्मानलाई प्रबर्द्धन गर्दछ । आईसीआरसीले निम्न कार्यहरूमा सघाउँछ :

- नेपाल सरकारलाई अन्तर्राष्ट्रिय मानवीय कानून सम्बन्धी सन्धिहरूलाई राष्ट्रिय कानूनमा समाहित गर्न र पालना सुनिश्चित गर्न ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय मानवीय कानूनबारे न्यायाधीश तथा अभियोजकहरूलाई प्रशिक्षण प्रदान गर्न ।
- नेपाली सेनालाई अन्तर्राष्ट्रिय मानवीय कानूनका प्रशिक्षक तयार गर्न ।
- सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीलाई तिनका अधिकृतहरूलाई सार्वजनिक कानून व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार कानूनका विशिष्ट प्रकृतिका सवालहरूमा प्रशिक्षण प्रदान गर्न ।
- चुनिएका विश्वविद्यालयहरूलाई तिनका पठनपाठन तथा पाठ्यक्रममा अन्तर्राष्ट्रिय मानवीय कानूनलाई समावेश गर्न ।




हामीले साझेदार संस्थाहरूसँग सहकार्य गरी सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिबाट प्रभावित समुदायहरूको मर्यादाको संरक्षण गर्दै मानवीय सहायता प्रदान गर्दछौं । अन्तर्राष्ट्रिय मानवीय कानूनको संरक्षकको हैसियतले यसका सिद्धान्तहरूको प्रवर्द्धनका साथै विश्वव्यापी मानवीय सिद्धान्तहरूलाई सुदृढ गरेर मानवीय पीडालाई रोक्ने प्रयत्न गर्दछौं ।

द्वन्द्व प्रभावित क्षेत्रमा समुदायसँग सहकार्य गर्दै उनीहरूको वास्तविक आवश्यकताको पहिचान गरी जीवन रक्षार्थ विविध गतिविधिहरूका लागि हामी माथि भरोसा गर्न सकिन्छ । हाम्रो अनुभव र विशेषज्ञताले हामीलाई छिटो, प्रभावकारी र बिना भेदभाव प्रतिकार्य गर्न सक्षम बनाउँदछ ।

ICRC

**रेडक्रसको अन्तर्राष्ट्रिय समिति**
पो.ब.नं. २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोनः +९७७ १ ४१०७२८५/४१०७२७९, फ्याक्सः +९७७ १ ४१०७१३७
इमेलः kathmandu@icrc.org, वेबः www.icrc.org
© आईसीआरसी, अप्रिल २०१८

2018pm.0364/002;25703 2018 2500
आवरण फोटो : आईसीआरसी
संक्षिप्त



# नेपालमा आईसीआरसी

ICRC







# परिचय

सन् १९६१ देखि १९६३ सम्म तिब्बती शरणार्थीहरूलाई संकटको समयमा सहयोग गर्नको लागि नेपालमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) को उपस्थिति रहेको थियो । सन् १९९८ देखि सशस्त्र द्वन्द्वमा मानवीय गतिविधिहरू पुनः संचालन गऱ्यो । त्यसबेला देखि हामीले द्वन्द्व प्रभावितहरूलाई निरन्तर रुपमा सहयोग गर्दै आएका छौं ।

सन् १९९६ देखि २००६ सम्म चलेको १० वर्षे सशस्त्र द्वन्द्वको अवधिमा आईसीआरसीले द्वन्द्वका दुवै पक्षद्वारा नियन्त्रणमा लिइएका व्यक्तिहरूलाई भेट्ने, थुनास्थल, अस्पताल र दुर्गम गाउँहरूमा खानेपानी र सरसफाइको अवस्थामा सुधार ल्याउने, घाइते तथा बिरामीहरूको उपचारमा सहयोग पुऱ्याउन अस्पतालहरूलाई तालिम र स्वास्थ्य सामाग्रीहरू उपलब्ध गराउने, विस्थापित मानिसहरू एवं द्वन्द्वबाट प्रभावित समुदायहरूलाई सहयोग उपलब्ध गराउने कार्य गऱ्यो । साथै, हामीले अन्तर्राष्ट्रिय मानवीय कानून र रेडक्रस तथा रेडक्रिसेन्ट अभियानका निष्पक्षता, तटस्थता र स्वाधिनता लगायतका आधारभूत सिद्धान्तहरूको प्रवर्द्धन गर्छौं ।

वर्तमान समयमा आईसीआरसीले द्वन्द्व पश्चात्का मानवीय आवश्यकताहरूको सम्बोधन, नेपाल रेडक्रस सोसाइटीलाई सहयोग र अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रवर्द्धन गरिरहेको छ ।

## द्वन्द्व पीडितहरूलाई सहायता

आईसीआरसीले विगतको द्वन्द्वबाट प्रभावित विशेष गरी बेपत्ता व्यक्तिका परिवारहरूलाई सहायता तथा उनीहरूको पीडालाई कम गर्दछ । सशस्त्र द्वन्द्वको अन्त्य भएपछि पनि अझै १३०० भन्दा बढी व्यक्ति बेपत्ता रहेका छन् । यी बेपत्ता व्यक्तिहरू अझै जीवित छन् वा तिनको मृत्यु भैसक्यो भन्ने बारेमा केही थाहा नभएर उनीहरूका परिवारहरू द्विविधापूर्ण जीवन बाँचिरहेका छन् ।

आईसीआरसीले संक्रमणकालीन न्याय प्रक्रियामा द्वन्द्व प्रभावितहरूको लागि मानवीय संयन्त्रको प्रवर्द्धन गर्दछ । आईसीआरसीले आफ्नो कार्यदेश अनुरुप संक्रमणकालीन न्याय सम्बन्धी आयोगहरूसँग रचनात्मक संवाद तथा प्राविधिक सहायता प्रदान गर्दै सरकारको क्षमता अभिवृद्धि गराउन क्रियाशील छ ।

## आकस्मिक परिस्थितिका लागि पूर्वतयारी तथा प्रतिकार्य

**नेपाल रेडक्रस सोसाइटीलाई सहयोग**

प्रकोप अथवा हिंसाबाट प्रभावित मानिसहरूको मानवीय आवश्यकता सम्बोधन गर्ने पहिलो निकायको रूपमा रहेको नेपाल रेडक्रस सोसाइटीको सांगठनिक र कार्य सञ्चालन क्षमता सुदृढ पार्न आईसीआरसीले सहयोग गर्दछ । यस अन्तरगत :

- मानवीय सहायताको आवश्यकतामा रहेका मानिसहरूसम्म सुरक्षित र निर्बाध पहुँच सुनिश्चित गर्न नेपाल रेडक्रस सोसाइटीको तनावपूर्ण परिस्थितिमा कार्य सञ्चालन गर्ने क्षमता अभिवृद्धि गर्ने ।
- परिवारबाट बिछोडिएका व्यक्तिहरूको अवस्था र परिस्थिति पत्ता लगाउँदै पारिवारिक सम्पर्क पुनः स्थापना कार्यमा नेपाल रेडक्रस सोसाइटीको क्षमता अभिवृद्धि गर्ने ।

**विधिविज्ञान तथा अन्य संघसंस्थाहरूलाई सहयोग**

आकस्मिक परिस्थितिको पूर्वतयारी तथा प्रतिकार्यमा आफ्ना क्षमता अभिवृद्धि गर्ने राष्ट्रिय निकायहरूको प्रयासमा आईसीआरसीले पूरकको भूमिका निभाउँछ । यस अन्तरगत :

- विपद्मा ज्यान गुमाएकाहरूलाई पीडितको रूपमा मान्यता दिँदै मृत शरीरको सम्मानपूर्वक व्यवस्थापन र विधिविज्ञानमा आधारित मानवीय सनाखतका निम्ति स्थापित प्रक्रिया तथा निर्देशिकाको पालना गराउन सम्बन्धित संस्था तथा निकायहरूसँग काम गर्दछ । यस्तो कार्यले प्रभावित परिवार र समुदायहरूलाई मृतकको अन्तिम संस्कार गर्न समेत सघाउँछ ।
- बेपत्ता पारिएका व्यक्तिको छानबीन आयोगसँग सहकार्य गर्दै बेपत्ता व्यक्तिहरूको अवस्था स्पष्ट गर्नमा सहयोग पुग्ने उद्देश्यले स्थानीय विधिविज्ञान संयन्त्रको कार्यमा अभ्यासकर्ता तथा सम्बन्धित निकायहरूलाई सहयोग गर्दछ ।
- काठमाडौं विश्वविद्यालयको धुलिखेल अस्पतालसँग सहकार्य गरी चिकित्सक तथा विशेषज्ञहरूका लागि आकस्मिक कक्ष गम्भीर चोटपटक तालिमको आयोजना गर्दछ । साथै आकस्मिक कक्ष गम्भीर चोटपटक तालिमका प्रशिक्षकहरूलाई आपतकालीन उपचार व्यवस्थापनमा विज्ञता अभिवृद्धि गराउँछ ।